# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bhratpur, Chitwan, Nepal

प.स. २०८१/८२
च.नं. ६०५६

मिति २०८२/०२/२७

श्री निर्माण सामाग्री (ढुङ्गा,गिटी,वालुवा) बिक्रेता व्यावसायीहरु सबै
श्री अस्थायी इजाजत प्राप्त क्रसर उध्योगहरु सबै
भरतपुर महानगरपालिका

विषयः-मौज्दात प्रमाणित गर्ने/गराउने सम्बन्धी सुचना।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका क्षेत्रभित्र रहेका निर्माण सामाग्री (ढुङ्गा,गिटी,वालुवा) व्यवसायीहरुले प्रत्येक आ.ब.को जेष्ठ मासान्त लगत्तै स्टक प्रमाणित (मौज्दात बैधता मापन, SVM) गर्नु पर्ने कानुनी प्रावधान रहेको छ। चालु आ.ब. २०८१/८२ मा भरतपुर महानगरपालिका क्षेत्रभित्र आफुले ठेक्का वा खरीद मार्फत प्राप्त गरी मौज्दात भन्डारण (स्टक)गरी राखेको निर्माण सामाग्रीहरुको परिमाण खुलेको कागजातसहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका कागजात सहित परिमाण प्रमाणित गर्न भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निबेदन पेश गर्नुहुन सम्बन्धीत सबैमा जानकारी गराइन्छ। मिति २०८२/३/१ देखि स्टक प्रमाणित भएको बिन्दु वा विक्रेताबाट मात्र ढुङ्गा,गिटी,वालुवा बिक्री वितरण गर्न पाइने व्यहोरा अवगत गराईन्छ। स्टक प्रमाणीत नभएको बिक्रिकेन्द्र, प्राप्तीको श्रोत नखुलेका व्यावसायीबाट,वा अन्य कसैले नदीजन्य पदार्थ (ढुङ्गा,गिटी,वालुवा) बिक्री वा ओसार,पसार गरेमा त्यस्तो नदिजन्य निर्माण सामाग्री अवैध ठहर गरी जफत गरी कारवाही हुने व्यहोरा आदेशानुसार जानकारी गराइएको छ।

<u>परिमाण प्रमाणितका लागि पेश गर्नुपर्ने कागजातहरु</u>

१) निर्माण सामाग्री प्राप्तिको श्रोत( ठेक्का वा खरिद सम्बन्धि कागजातहरु)
२) मौज्दात खुलेको फर्मले प्रमाणित गरेको बिबरण।
३) भण्डारणका लागी स्थानीय तहसंग लिएको अनुमती वा निस्सा।
४) आ.ब.२०८१/८२ को खरिद तथा बिक्रि किताव,
५) सम्बन्धित फर्म/ कम्पनी/व्यक्तिले सो कार्य गर्न लिएको इजाजत पत्र
६) निवेदन,

अधिकृत

<u>सादर अवगतार्थ</u>
श्रीमान नगर प्रमुख ज्यू
श्रीमान नगर उप प्रमुख ज्यू
श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु

बोधार्थः-
ङ) श्री जिल्ला समन्वय समितिको कार्यालय, चितवन
क) श्री जिल्ला प्रशासन कार्यालय,भरतपुर चितवन
ग) श्री जिल्ला प्रहरी कार्यालय, भरतपुर चितवन
घ)श्री शसस्त्र प्रहरी बल नेपाल १७ नं गण हे.क्वा. आँपटारी चितवन।

श्री - सुचना अधिकारी ज्यू,
- वेभ साइटमा अपलोड गर्न।

056-520167, 531464, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(भरतपुर महानगरपालिका घोषणा मिति फाल्गुन २७ २०७३)
"मध्य नेपालको सुन्दर शहर: समृद्ध र सुसंस्कृत भरतपुर महानगर"